# अर्थ बुलेटिन

वर्ष ६ अंक २ भदौ, २०८१

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## सम्पादकीय

- राजस्व परिचालनमा सुधार हुँदै गएको छ। आर्थिक वर्ष २०८१/८२ को भदौसम्म संघीय सरकारको राजस्व परिचालन १७.९ प्रतिशत र कुल खर्च ४.९ प्रतिशतले वृद्धि भएको छ।
- व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या बढेसँगै करको दायरा विस्तार भएको छ।
- कुल वस्तु निर्यातमा ५.१ प्रतिशतले घटेको छ भने वस्तु आयातमा १.१ प्रतिशतले वृद्धि भएको छ। आयातमा वृद्धिसँगै व्यापार घाटा केही वृद्धि भएको छ। कुल व्यापारमा निर्यातको अंश घटेको छ।
- वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति घटेको छ।
- वैदेशिक रोजगारमा जाने कामदारको कुल संख्या (नयाँ र पुनः श्रम स्वीकृति लिई) गत वर्षको तुलनामा वृद्धि भएको छ। साथै विप्रेषण आप्रवाहमा समेत वृद्धि भएको छ। पर्यटन आगमनमा उल्लेख्य वृद्धि भएको छ। चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा छन्। फलस्वरुप, विदेशी मुद्रा सञ्चिति समेत बढेको छ। विदेशी विनिमय सञ्चिति पर्याप्तता सूचकाँक १६.८ महिनाको वस्तु आयात र १३.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ।
- समग्रमा मुलुकका समष्टिगत आथिक परिसूचकहरु सकारात्मक रहेका छन्।

**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

http://www.mof.gov.np

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०८१/८२ को भदौ महिनामा संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. १ खर्ब ३१ अर्ब १४ करोड १३ लाखको तुलनामा ४.९ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ७५ अर्ब ५५ करोड २७ लाख पुगेको छ। कुल खर्च मध्ये चालु खर्च ६०.३ प्रतिशत, पूँजीगत खर्च १०.८ प्रतिशत र वित्तीय व्यवस्था तर्फ २८.८ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको भदौ महिनामा यस्तो खर्च क्रमशः ६६.८ प्रतिशत, ६.२ प्रतिशत र २६.९ प्रतिशत रहेको थियो। यस अवधिको पूँजीगत खर्चमा उल्लेख्य वृद्धि भएको छ भने वित्तीय व्यवस्थातर्फको खर्चमा १२.३ प्रतिशतले वृद्धि भएको छ। चालु खर्चमा १२.३ प्रतिशतले कमी आएको छ।

**तालिका (क): पछिल्लो ५ वर्षको भदौ महिनासम्मको खर्चको स्थिति (रु. करोडमा)**

| क्र.सं./आ.व. | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| चालु | ५८८८.०० | ५८५९.४८ | १०८७३.१३ | ८७६६.३५ | ८२९८.६५ |
| पूँजीगत | ३४९.४१ | २६०.८७ | ५८६.०५ | ८१६.३९ | १४८९.४ |
| वित्तीय व्यवस्था | १५७.२८ | २,८७३.२३ | १,९७४.७५ | ३५३१.३९ | ३९६७.२२ |
| **कुल** | **६३९४.६९** | **८९९३.५८** | **१३४३३.९३** | **१३११४.१३** | **१३७५५.२७** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२. चालु आर्थिक वर्षको कुल खर्चमध्ये भदौ महिनमा ८५ प्रतिशत रकम खर्च भएको छ।

**तालिका (ख): चालु आर्थिक वर्षको मासिक खर्चको स्थिति (रु. करोडमा)**

| महिना | | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|---|
| साउन | | १२३८.२२ | ८५५.४८ | १९२७.०६ | ४०२०.७६ | ०.१४९ |
| भदौ | | ७०६०.४३ | ६३३.९२ | २०४०.१६ | ९७३४.५१ | ०.८५१ |
| **जम्मा** | | **८२९८.६५** | **१४८९.४** | **३९६७.२२** | **१३,७५५.२७** | **१** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

### राजस्व परिचालन

३. चालु आर्थिक वर्षको भदौ महिनामा राजस्व सङ्कलन उल्लेख्य रुपमा बढेको छ। आर्थिक वर्ष २०८१/८२ को भदौ महिनामा संघीय सरकारको कुल राजस्व प्राप्ति गत आर्थिक वर्षको सोही अवधिको कुल राजस्व रु. १ खर्ब ४१ अर्ब ७ करोड ७२ लाखको तुलनामा १७.९ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ६६ अर्ब ३८ करोड ७६ लाख पुगेको छ। यस अवधिमा कर राजस्व तथा गैरकर राजस्वको वृद्धिदर क्रमशः १३.३ प्रतिशत र ६१.५ प्रतिशत रहेको छ। कुल राजस्वमा कर राजस्वको अंश ८७.३ प्रतिशत र गैरकरको अंश १२.७ प्रतिशत रहेको छ। यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु. १ खर्ब ६९ अर्ब ५१ करोड ७९ लाख रहेको छ।


**तालिका (ख): पछिल्लो ५ आर्थिक वर्षको भदौ महिनासम्मको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)**

| क्र.सं./आ.व. | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| कर | १०१५१.६७ | १४८५६.०० | १३०७०.३६ | १२७९५.६८ | १४५१९.३३ |
| गैरकर | ३८६.४१ | २००१.७६ | १३१०.८० | १३१२.०४९ | २११९.४३ |
| **जम्मा** | **१०५३८.०८** | **१६८५७.७६** | **१४३८१.१६** | **१४१०७.७२** | **१६६३८.७६** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

३. गत आर्थिक वर्षको भदौ महिनाको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा गैरकरको अंश बढेकोले अन्य शिर्षकका करको अंश घटेको छ। गत आर्थिक वर्षको भदौ महिनाको कुल राजस्वमा ९.३ प्रतिशत गैरकर राजस्वको हिस्सा रहेकोमा चालु आर्थिक वर्षमा वृद्धि भई १२.७ प्रतिशत पुगेको छ। साथै यस अवधिको कुल राजस्वमा अन्तःशुल्कको हिस्सा न्यून दर (०.०१ प्रतिशत विन्दुले) वृद्धि भएको छ भने अन्य करको हिस्सा घटेको छ।


**चार्ट (क): पछिल्लो २ आर्थिक वर्षको भदौ महिनासम्मको सङ्कलित राजस्वको संरचना**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

४. चालु आर्थिक वर्षको पहिलो दुई महिनामा ब्याज कर सङ्कलन ५.६ प्रतिशतले कमी भएको छ भने अन्य शीर्षकका राजस्व सङ्कलनमा वृद्धि भएको छ। ब्याजदर घट्दै गएसँगै ब्याजकर तर्फको आयकर सङ्कलनमा सङ्कुचन आएको हो।

**चार्ट (ख): पछिल्लो ५ आर्थिक वर्षको पहिलो दुई महिनाको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

५. कोभिड-१९ महामारी पश्चात् आर्थिक वर्ष २०७८/७९ को दुई महिनामा ६०.६ प्रतिशतले वृद्धि भएको राजस्व आर्थिक वर्ष २०७९/८० मा १४.७ प्रतिशतले घटेको थियो। तत्पश्चातका वर्षमा क्रमशः सुधार हुँदै चालु आर्थिक वर्षको पहिलो दुई महिनामा राजस्व वृद्धिदर १७.९ प्रतिशत रहेको छ। कोभिड सङ्क्रमण तथा आयात नियन्त्रणका लागि चालिएका कदमका कारण विगतका वर्षमा राजस्व सङ्कलनमा कमी आएको थियो भने आर्थिक गतिविधि बढेदै गएसँगै राजस्व परिचालन सुधार हुँदै गएको हो।

**तालिका (ग): पछिल्लो दुई आर्थिक वर्षको भदौ महिनासम्मको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)**

| कर शीर्षक | २०८१/८२ को वार्षिक लक्ष्य | २०८०/८१ को भदौसम्मको सङ्कलन | २०८१/८२ भदौसम्मको लक्ष्य | २०८१/८२ भदौसम्मको सङ्कलन | लक्ष्यको तुलनामा असूली | वार्षिक लक्ष्यको तुलनामा | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | **३०,७३६.२३** | **३,०१८.१६** | **४,६०९.२३** | **३,२९२.३०** | **७१.४** | **१०.७** | **९.१** |
| **मूल्य अभिवृद्धि कर** | **३८,६५२.००** | **४,४६९.२८** | **६,५५३.२३** | **५,०१७.०१** | **७६.६** | **१३.०** | **१२.३** |
| उत्पादन, बिक्री, सेवा | १६,४३६.६६ | १,८९८.१४ | २,७२४.६५ | २,२२०.३३ | ८१.५ | १३.५ | १७.० |
| पैठारी | २२,२१५.३४ | २,५७१.१४ | ३,८२८.५८ | २,७९६.६८ | ७३.० | १२.६ | ८.८ |
| **अन्तःशुल्क** | **१९,४९६.१६** | **२,१३१.१६** | **२,८९८.५९** | **२,५३१.६२** | **८७.३** | **१३.०** | **१८.८** |
| आन्तरिक उत्पादन | १४,१८०.५८ | १,५५४.८७ | १,७६२.३८ | १,७७५.८० | १००.८ | १२.५ | १४.२ |
| पैठारी | ५,३१५.५८ | ५७६.२९ | १,१३६.२१ | ७५५.८२ | ६६.५ | १४.२ | ३१.२ |
| **शिक्षा सेवा शुल्क** | **४६५.७६** | **६०.९१** | **३३.०७** | **६५.०१** | **१९६.६** | **१४.०** | **६.७** |
| **आयकर** | **३९,०७०.८१** | **३,११६.१७** | **४,७७८.२३** | **३,६१३.३९** | **७५.६** | **९.२** | **१६.०** |
| आयकर | ३४,०६२.३० | २,३०३.९१ | ३,६३९.१२ | २,८४६.२६ | ७८.२ | ८.४ | २३.५ |
| ब्याज कर | ५,००८.५१ | ८१२.२६ | १,१३९.११ | ७६७.१३ | ६७.३ | १५.३ | (५.६) |
| **कर राजस्व जम्मा** | **१२८,४२०.९६** | **१२,७९५.६८** | **१८,८७२.३४** | **१४,५१९.३३** | **७६.९** | **११.३** | **१३.५** |
| **गैर कर जम्मा** | **१३,५०९.३४** | **१,३१२.०५** | **२,४६३.५४** | **२,११९.४३** | **८६.०** | **१५.७** | **६१.५** |
| **कूल राजस्व** | **१४१,९३०.३०** | **१४,१०७.७२** | **२१,३३५.८८** | **१६,६३८.७६** | **७८.०** | **११.७** | **१७.९** |
| **अन्य प्राप्ति** | **–** | **१,३१५.८८** | **–** | **३१३.०३** | **–** | **–** | **(७६.२)** |
| **जम्मा राजस्व/प्राप्ति** | **१४१,९३०.३०** | **१५,४२३.६१** | **२१,३३५.८८** | **१६,९५१.७९** | **७९.५** | **११.९** | **९.९** |

स्रोतः अर्थ मन्त्रालय।

#भन्सार महशुल अन्तर्गत पैठारी, निकासी, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।

६. चालु आर्थिक वर्षको भदौसम्म आन्तरिक तर्फको शिक्षा सेवा शुल्क र अन्तः शुल्क सङ्कलन लक्ष्यभन्दा बढी भएको छ। यस अवधिको कुल राजस्व लक्ष्यको ७८.० प्रतिशत सङ्कलन भएको छ भने वार्षिक लक्ष्यको ११.७ प्रतिशत राजस्व सङ्कलन भएको छ।

## संघीय राजस्व

७. चालु आर्थिक वर्षको भदौ महिनासम्म संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. १ खर्ब ३६ अर्ब १६ करोड ३६ लाखको तुलनामा ९.५ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ४९ अर्ब १३ करोड ९४ लाख पुगेको छ। यस अवधिमा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर र आन्तरिक तर्फको अन्तःशुल्क सङ्कलन दुवैमा वृद्धि भएका कारण प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व समेत १२.८ प्रतिशतले वृद्धि भएको छ।

## करको दायरा विस्तार

८. २०८१ भदौसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ६३ लाख ७२ हजार ४ सय ९१ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ४३ लाख ७२ हजार ६ सय २ पुगेको छ। त्यस्तै, व्यावसायिक स्थायी लेखा नम्बर लिने १९ लाख ६६ हजार नाघेको छ भने करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर ३३ हजार ८ सय ८३ पुगेको छ। कुल स्थायी लेखा नम्बरमा व्यावसायिक लेखा नम्बर, करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर र व्यक्तिगत स्थायी लेखा नम्बरको अनुपात क्रमशः ३०.९ प्रतिशत, ०.५ प्रतिशत र ६८.६ प्रतिशत रहेको छ। यस अवधिसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ३२ हजार ३ सय ३१ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख १९ हजार ९ सय १० पुगेको छ।

### तालिका (घ): व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

| दर्ताको प्रकार | आ.व.२०८०/८१ असारसम्म | २०८०/८१ भदौसम्म थप | २०८१/८२ भदौसम्म थप | जम्मा करदाता संख्या |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (B-PAN) | १९४४१०१ | २४५२५ | २१९०५ | १९६६००६ |
| करकट्टी गर्ने निकायले लिएको स्था.ले.नं (WPAN) | ३३३२८ | १४०० | ५५५ | ३३८८३ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (P-PAN) | ४२४८७०४ | ११२७२९ | १२३८९८ | ४३७२६०२ |
| **जम्मा स्थायी लेखा नम्बर** | **६२२६१३३** | **१३८६५४** | **१४६३५८** | **६३७२४९१** |
| मूल्य अभिवृद्धि कर (VAT) | ३२७४१७ | ६००० | ४९१४ | ३३२३३१ |
| अन्तःशुल्क (Excise) | ११७३६८ | ३००७ | २५४२ | ११९९१० |

स्रोतः आन्तरिक राजस्व विभाग ।

#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहायता प्रतिवद्धता

९. चालु आर्थिक वर्षको भदौसम्म वैदेशिक सहायता प्रतिवद्धता उल्लेख्य वृद्धि भई रु. ३७ अर्ब १८ करोड पुगेको छ। कुल सहायता प्रतिवद्धतामध्ये अनुदानको अंश ६३.९ प्रतिशत रहेको छ भने ऋणको अंश ३६.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो प्रतिवद्धता रु. १० अर्ब ६३ करोड रहेको थियो।

१०. कुल सहायता प्रतिवद्धतामध्ये ३८.४ प्रतिशत वातावरण र जलवायु क्षेत्रमा प्राप्त भएको छ भने ३६.१ प्रतिशत यातायात क्षेत्रमा र २०.५ प्रतिशत सामाजिक क्षेत्रमा र अन्य क्षेत्रमा ४.९ प्रतिशत रकम प्राप्त भएको छ।

## सार्वजनिक ऋण

११. २०८१ को भदौ महिनासम्म संघीय सरकारको तीर्न बाँकी सार्वजनिक ऋण रू. २५ खर्ब २८ अर्ब ६२ करोड पुगेको छ। कुल ऋणमध्ये आन्तरिक ऋण र बाह्य ऋणको हिस्सा क्रमशः ४८.९ प्रतिशत र ५१.१ प्रतिशत रहेको छ।

१२. चालु आर्थिक वर्षको भदौ महिनासम्म संघीय सरकारले आन्तरिक ऋणतर्फ रु. ३५ अर्ब र बाह्य ऋणतर्फ रु. ४ अर्ब ६७ करोड गरी कुल रु. ३९ अर्ब ६७ करोड सावाँ भुक्तानी गरेको छ। यस अवधिमा आन्तरिक ऋण तर्फ रु. ७ अर्ब ३ करोड र बाह्य ऋणतर्फ रु. १ अर्ब २ करोड गरी कुल रु. ८ अर्ब ४ करोड ब्याज भुक्तानी गरेको छ।

१३. २०८१ को भदौसम्म संघीय सरकारले आन्तरीक ऋण रु.९० अर्ब र बाह्य ऋण रु. १४ अर्ब ५ करोड गरी कुल रु. १ खर्ब ४ अर्ब ५ करोड ऋण प्राप्त गरेको छ। भदौमसान्तमा विनिमयदर घटबढबाट सिर्जित वैदेशिक ऋण रु. ३० अर्ब १४ करोड थप भएको छ।

## वित्तीय क्षेत्र

१४. २०८१ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप ०.५ प्रतिशत (रु. ३५ अर्ब ३ करोड) ले वृद्धि भएको छ। गत आर्थिक वर्षको भदौ मसान्तमा यस्तो निक्षेप ०.१ प्रतिशतले घटेको थियो। वार्षिक विन्दुगत आधारमा २०८१ भदौ मसान्तमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप १३.८ प्रतिशतले वृद्धि भएको छ।

१५. २०८१ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जामा रु. ७३ अर्ब ३९ करोडले वृद्धि भएको छ। गत आर्थिक वर्षमा पनि यस्तो कर्जामा रु. ३३ अर्ब ६० करोडले वृद्धि भएको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ भदौ मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६.६ प्रतिशतले वृद्धि भएको छ।

१६. २०८१ भदौ मसान्तमा २० वाणिज्य बैङ्क, १७ विकास बैङ्क, १७ वित्त कम्पनी, ५२ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैङ्क गरी कुल १०७ बैङ्क तथा बित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन्। बैङ्क तथा बित्तीय संस्थाको शाखा सङ्ख्या २०८० भदौ मसान्तमा ११ हजार ५ सय ६७ रहेकोमा २०८१ को सोही अवधिमा ११ हजार ५ सय ३३ कायम भएको छ।

१७. वाणिज्य बैंकको निक्षेप तथा कर्जाको ब्याजदर घटेको छ। २०८० भदौमा ८.०६ प्रतिशत रहेको निक्षेपको औसत ब्याजदर २०८१ भदौमा ५.५३ प्रतिशतमा झरेको छ भने यस अवधिमा कर्जाको ब्याजदर १२.२३ प्रतिशतबाट ९.५२ प्रतिशतमा झरेको छ।

१८. बैंकहरुको निष्कृय कर्जा वृद्धि भएको छ। २०८० भदौमा ३.०२ प्रतिशत रहेको निष्कृय कर्जा २०८१ भदौमा ३.८६ प्रतिशत पुगेको छ।

## बीमा क्षेत्र

१९. बीमा क्षेत्रका परिसूचक वृद्धि भएका छन्। चालु आर्थिक वर्षको भदौसम्म जारी भएको म्यादी, लघु म्यादि र वैदेशिक रोजगार बीमालेख सहित बीमाको दायरामा आएको जनसङ्ख्या ४२.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या ४२.२ प्रतिशत रहेको थियो।

२०. चालु आर्थिक वर्षको भदौसम्म जारी भएको कुल जीवन बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.५ प्रतिशतले वृद्धि भई १ करोड ३७ लाख ८४ हजार २ सय ५१ पुगेको छ। यस अवधिमा वैदेशिक बीमालेख सङ्ख्यामा उल्लेख्य वृद्धि भए तापनि म्यादी र लघु म्यादी जीवन बीमालेख सङ्ख्यामा कमी आएको छ। गत आर्थिक वर्षको सोही उवधिमा जीवन बीमालेख सङ्ख्या १ करोड ३४ लाख ५३ हजार १ सय ६६ रहेको थियो।

२१. २०८१ भदौसम्म कुल निर्जीवन बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १५.० प्रतिशतले वृद्धि भई ४ लाख ७० हजार ५ सय १४ पुगेको छ। २०८० को सोही अवधिमा उक्त सङ्ख्या ४ लाख ९ हजार ८० रहेको थियो।


२२. आर्थिक वर्ष २०८१/८२ को भदौसम्म सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५.० प्रतिशतले वृद्धि भई रु. ३८ अर्ब १ करोड ४९ लाख पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त रकम रू. ३६ अर्ब २१ करोड ६४ लाख रहेको थियो।

२३. यस अवधिको कुल बीमालेख सङ्ख्यामा बीमा र निर्जीवन बीमाको हिस्सा क्रमशः ९६.७ प्रतिशत र ३.३ प्रतिशत रहेको छ। गत वर्षको भदौसम्म यस्तो हिस्सा क्रमशः ९७.० प्रतिशत र ३.० प्रतिशत रहेको थियो। यस अवधिको कुल बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ७९.३ प्रतिशत र २०.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको भदौसम्म उक्त हिस्सा क्रमशः ८०.४ प्रतिशत र १९.६ प्रतिशत रहेको थियो।

## पूँजी बजार

२४. २०८१ भदौ मसान्तमा नेप्से सूचकाङ्क २५८०.७६ विन्दुमा पुगेको छ। २०८० को सोही अवधिमा नेप्से सूचकाङ्क १९६४.९२ विन्दुमा रहेको थियो। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण ३८.६ प्रतिशतले वृद्धि भई रु. ४१ खर्ब ३ अर्ब ६२ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु. २९ खर्ब ६१ अर्ब ३४ करोड रहेको थियो।


चार्ट (घ)ः पछिल्लो ५ वर्षको भदौ मसान्तको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

२५. २०८१ भदौ महिनाको २ गते २९६६.३३ विन्दुमा रहेको नेप्से सूचकाङ्क विभिन्न उतार चढावका बीच महिनाको अन्तिम कारोवार भएको दिन भदौ ३१ गते २५८०.७६ विन्दुमा रहेको छ।

चार्ट (ङ): २०८१ भदौ महिनाको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड ।

## समग्र मूल्य स्थिति

२६. २०८१ भदौ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ३.८५ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ८.१९ प्रतिशत रहेको थियो।

२७. यस अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ५.०३ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.१९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ९.७७ प्रतिशत र ७.१९ प्रतिशत रहेको थियो ।

## मुद्राप्रदाय

२८. वार्षिक बिन्दुगत आधारमा २०८१ भदौ मसान्तमा विस्तृत मुद्राप्रदाय ०.४ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ०.५ प्रतिशतले कमी आएको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ भदौ मसान्तमा विस्तृत मुद्राप्रदाय १३.९ प्रतिशतले वृद्धि भएको छ ।

## बाह्य क्षेत्र

२९. पछिल्लो पाँच आर्थिक वर्षको पहिलो दुई महिनाको वस्तु निर्यातको तथ्याङ्क हेर्दा आर्थिक वर्ष २०७८/७९ मा नेपालको कुल वस्तु निर्यात वृद्धि भएकोमा त्यसपछिका आर्थिक वर्षमा घट्दो प्रवृत्तिमा रहेको छ। आर्थिक वर्ष २०७८/७९ को भदौसम्ममा निर्यात आयात अनुपात १४.० प्रतिशत र कुल व्यापारमा निर्यातको अंश १२.३ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको पहिलो दुई महिनामा यस्तो अनुपात क्रमशः ९.६ प्रतिशत र ८.७ प्रतिशत रहेको छ।

तालिका (ङ): पछिल्लो पाँच आर्थिक वर्षको भदौ महिनासम्मको वस्तु व्यापारको विवरण (मूल्य रु. करोडमा)

| विवरण | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| आयात | १७८८४.२९ | ३१४५१.५७ | २७३५९.७४ | २५९७४.९९ | २६२५४.२४ |
| निर्यात | २०४४.१६ | ४४०३.९६ | २८६८.०१ | २६४४.६३ | २५०९.२७ |
| कुल व्यापार | १९९२८.४५ | ३५८५५.५३ | ३०२२७.७५ | २८६१९.६२ | २८७६३.५१ |
| व्यापार घाटा | १५८४०.१३ | २७०४७.६१ | २४४९१.७३ | २३३३०.३६ | २३७४४.९७ |
| निर्यात आयात अनुपात (प्रतिशतमा) | ११.४ | १४.० | १०.५ | १०.२ | ९.६ |
| कुल व्यापारमा आयातको अंश (प्रतिशतमा) | ८९.७ | ८७.७ | ९०.५ | ९०.८ | ९१.३ |
| कुल व्यापारमा निर्यातको अंश (प्रतिशतमा) | १०.३ | १२.३ | ९.५ | ९.२ | ८.७ |

स्रोतः भन्सार विभाग।

## वस्तु निर्यात

३०. आर्थिक वर्ष २०८१/८२ को पहिलो दुई महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५.१ प्रतिशतले संकुचित भई रु. २५ अर्ब ९ करोड २७ लाख रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात रु. २६ अर्ब ४४ करोड ६३ लाख रहेको थियो। २०८१ भदौसम्ममा चिया, पिना, प्लाइउड, ऊनी गलैंचा कार्पेट लगायतका वस्तुको निर्यातमा वृद्धि भएको छ भने फलामे पाता, तयारी कपडा, जुटका बुनिएका कपडा लगायतका वस्तुको निर्यात घटेको छ।

३१. भारततर्फ हुने निर्यातको अंश उच्च रहँदै आएको छ। आर्थिक वर्ष २०८१/८२ को पहिलो दुई महिनामा भएको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निर्यातको अंश क्रमशः ६३.७ प्रतिशत, १.२ प्रतिशत र ३५.१ प्रतिशत रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ६३.३ प्रतिशत, २.१ प्रतिशत र ३४.७ प्रतिशत रहेको थियो।

३२. यस अवधिमा भारत, चीन र अन्य मुलुकतर्फ भएको निर्यातमा क्रमशः ४.५ प्रतिशत, ४५.३ प्रतिशत र ३.९ प्रतिशतले कमी आएको छ।

**तालिका (च) : पछिल्लो दुई आर्थिक वर्षको भदौ महिनासम्म निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)**

| वस्तु | २०८०/८१ | २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| सेन्थेटिक यार्न | २०६.५८ | २११.९ | २.६ |
| उनी गलैंचा कार्पेट | १८९.६४ | १९९.९६ | ५.४ |
| तयारी कपडा | १९३.५ | १६८.९१ | -१२.७ |
| प्लाइउड | १२२.४७ | १५१.०६ | २३.३ |
| फलामे पाता | २०५.३६ | १३०.४९ | -३६.५ |
| फलफुलको जुस | १२९.९२ | १२९.२५ | -०.५ |
| चिया | ७९.८६ | १२६.४८ | ५८.४ |
| जमोठ कपडा | १०७.२३ | ११५.१८ | ७.४ |
| जुटका बुनिएका कपडा | ८२.६२ | ७९.४१ | -३.९ |
| पिना अन्य | ४७.३९ | ७३.९७ | ५६.१ |
| अन्य | १,२८०.०६ | १,१२२.६६ | -१२.३ |
| **जम्मा** | **२,६४४.६३** | **२५०९.२७** | **-५.१** |

स्रोतः भन्सार विभाग ।

## वस्तु आयात

३३. चालु आर्थिक वर्ष २०८१/८२ को भदौ महिनासम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.१ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ६२ अर्ब ५४ करोड २४ लाख पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात ५.१ प्रतिशतले कमी आई रु. २ खर्ब ५९ अर्ब ७४ करोड ९५ लाख रहेको थियो।

३४. चालु आर्थिक वर्षको भदौ महिनासम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा युरीयाको आयातमा उल्लेख्य वृद्धि भएको छ साथै, सुर्यमुखिको कच्चा तेल, एल पि ग्यास, मोवाइल टेलिफोन लगायतका वस्तुको आयात बढेको छ। यस अवधिमा एच.आर.सिट, डिजेल, फलामे पत्र, सुन लगायतका वस्तुको आयात घटेको छ।

३५. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ६१.२ प्रतिशत, १९.८ प्रतिशत र १९.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः क्रमशः ६१.९ प्रतिशत, १७.९ प्रतिशत र २०.२ प्रतिशत रहेको थियो।

३६. यस अवधिमा चीनतर्फको आयातमा १२.६ प्रतिशत वृद्धि भएको छ भने भारत र अन्य मुलुकतर्फको आयातमा क्रमशः ०.१ प्रतिशत र ५.१ प्रतिशतले कमी आएको छ।

**तालिका (छ) : पछिल्लो दुई आर्थिक वर्षको भदौसम्ममा आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)**

| वस्तु | २०८०/८१ | २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | १५७४.८५ | १३६४.५३ | -१३.४ |
| पेट्रोल | ११३०.५८ | ११०६.५२ | -२.१ |
| एल पि ग्यास | ७३२.६५ | ९४२.५७ | २८.७ |
| एच.आर.सिट | ७३९.३६ | ७८४.८३ | ६.१ |
| शुद्ध फलाम | ७०३.८७ | ७७४.२९ | १०.० |
| युरिया | ३२४.६२ | ७६६.३७ | १३६.१ |
| तयारी कपडा | ६९९.९१ | ७६५.३ | ९.३ |
| मोवाइल टेलिफोन | ५४८.१९ | ७०६.८२ | २८.९ |


| वस्तु | २०८०/८१ | २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| अन्य एलोपेथीक औषधी | ४११.२६ | ५१८.१७ | २६.० |
| सुर्यमुखिको कच्चा तेल | २८८.६६ | ५१४.७१ | ७८.३ |
| अन्य | १८,८२१.०० | १८,०१०.१३ | -४.३ |
| **जम्मा** | **२५,९७४.९५** | **२६२५४.२४** | **१.१** |

स्रोतः भन्सार विभाग ।

## व्यापार घाटा

३७. आर्थिक वर्ष २०८१/८२ को भदौ महिनासम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.८ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ३७ अर्ब ४५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा ४.७ प्रतिशतले सुधार भएको थियो।


**चार्ट (च): पछिल्लो ५ आर्थिक वर्षको भदौसम्मको वस्तु व्यापार घाटाको स्थिति (रु। अर्बमा)**




स्रोतः भन्सार विभाग।

३८. नेपालको कुल व्यापारमा आयातको हिस्सा उच्च रहदै आएको छ। निर्यातको अंश अपेक्षित रुपमा वृद्धि हुन सकेको छैन। विगत पाँच आर्थिक वर्षमध्ये आर्थिक वर्ष २०७८/७९ को पहिलो दुई महिनासम्म कुल व्यापारमा निर्यातको हिस्सा १२.३ प्रतिशत रहेकोमा त्यसपछिका वर्षहरुमा यस्तो हिस्सा क्रमशः कम हुँदै गएको छ। चालु आर्थिक वर्षमा पनि गत आर्थिक वर्षको तुलनामा कुल व्यापारमा निर्यातको अंश केही घटेको छ।

**चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको पहिलो दुई महिनाको वैदेशिक व्यापारको स्थिति (प्रतिशतमा)**




स्रोतः भन्सार विभाग

## सेवा व्यापार

३९. आर्थिक वर्ष २०८१/८२ को पहिलो दुई महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको सेवा आय रु. ३१ अर्ब ७७ करोड २० लाखको तुलनामा ७.३ प्रतिशतले कमी आई रु. २९ अर्ब ४३ करोड ८२ लाख रहेको छ। यस अवधिमा गत वर्षको सोही अवधिको सेवा खर्च रु. ५७ अर्बको तुलनामा १.१ प्रतिशतले वृद्धि भई रू. ५७ अर्ब ६३ करोड ६३ लाख पुगेको छ।

४०. आर्थिक वर्ष २०८१/८२ को भदौ महिनासम्म खुद सेवा आय रू. २८ अर्ब २९ करोड ८१ लाखले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू. २५ अर्ब २२ करोड ८४ लाखले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

४१. चालु आर्थिक वर्षको पहिलो दुई महिनामा विप्रेषण आप्रवाह रू.२ खर्ब ६३ अर्ब १४ करोड (१९६० मिलियन अमेरिकी डलर) पुगेको छ। यस अवधिमा विप्रेषण आप्रवाह नेपाली रूपैंयामा १५.२ प्रतिशत र अमेरिकी डलरमा १३.५ प्रतिशतले बढेको छ।

४२. चालु आर्थिक वर्षको भदौ महिनासम्ममा श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्यामा २.७ प्रतिशतले वृद्धि भएको छ। यस अवधिमा पुनः श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्यामा पनि गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २६.८ प्रतिशतले वृद्धि भएको छ। २०८१ भदौसम्म कुल १ लाख १७ हजार ६८ जना नेपाली कामदार वैदेशिक रोजगारीमा गएका छन्।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४३. आर्थिक वर्ष २०८१/८२ को पहिलो दुई महिनामा चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा रहेका छन्। चालु खाता अघिल्लो आर्थिक वर्ष २०८०/८१ को भदौ महिनासम्ममा रू. २३ अर्ब ९७ करोडले बचतमा रहेकोमा चालु आर्थिक वर्षमा रू.४९ अर्ब ६९ करोडले बचतमा रहेको छ। आर्थिक वर्ष २०८०/८१ को भदौमा १८ करोड १३ लाख अमेरिकी डलरले बचतमा रहेको चालु खाता आर्थिक वर्ष २०८१/८२ मा सुधार भई ३७ करोड १ लाख अमेरिकी डलरले बचतमा रहेको छ।

४४. आर्थिक वर्ष २०८१/८२ को दोस्रो महिनामा शोधनान्तर स्थिति रु. १ खर्ब १ अर्ब ७७ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू. ५५ अर्ब १० करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा २०८० को भदौ महिनामा ४१ करोड ७० लाखले बचतमा रहेको शोधनान्तर स्थिति आर्थिक वर्ष २०८१ भदौमा ७५ करोड ७९ लाखले बचतमा रहेको छ।

## विदेशी विनिमय सञ्चिति

४५. २०८१ भदौ मसान्तसम्ममा कुल विदेशी विनिमय सञ्चिति २०८१ असारमसान्तको तुलनामा ५.५ प्रतिशतले वृद्धि भई रू. २१ खर्ब ५२ अर्ब ५३ करोड पुगेको छ। यस अवधिमा अमेरिकी डलरमा कुल विदेशी विनिमय सञ्चिति २०८१ असारमसान्तको तुलनामा ५.० प्रतिशतले वृद्धि भई १६ अर्ब ४ करोड पुगेको छ।

४६. आर्थिक वर्ष २०८१/८२ को पहिलो दुई महिनामा भएको आयातलाई आधार मान्दा बैङ्क तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चितिले १६.८ महिनाको वस्तु आयात तथा १३.७ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

## विनिमय दर

४७. २०८१ असार मसान्तको तुलनामा २०८१ भदौ मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ०.४ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १३३.९३ पुगेको छ। २०८१ असार मसान्तमा उक्त विनिमय दर रु. १३३.३६ रहेको थियो।

## पर्यटक आगमन

४८. सन् २०२४ को सेप्टेम्बर महिनासम्म नेपाल आउने पर्यटकको सङ्ख्या सन् २०२३ को सोही महिनाको तुलनामा १७.९ प्रतिशतले वृद्धि भई ८ लाख १६ हजार ६ सय ३७ पुगेको छ। गत वर्षको सोही महिनामा उक्त सङ्ख्या ६ लाख ९२ हजार ३ सय ७२ रहेको थियो। यसैगरी, सन् २०२४ को अगस्ट र सेप्टेम्बर महिनामा मात्र नेपाल आउने पर्यटकको सङ्ख्या १ लाख ६९ हजार २२ पुगेको छ। गत वर्षको सोही अवधिमा उक्त सङ्ख्या १ लाख ५८ हजार १ सय ६५ रहेको थियो।

४९. आर्थिक वर्ष २०८१/८२ को भदौसम्ममा भ्रमण आयमा १२.१ प्रतिशतले वृद्धि भई रु. १० अर्ब ५३ करोड ४५ लाख पुगेको छ। गत आर्थिक वर्षको सोही अबधिमा यस्तो आय रु. ९ अर्ब ३९ करोड ७५ लाख रहेको थियो। यस अवधिमा भ्रमण व्ययमा २२.२ प्रतिशतले वृद्धि भई रु. ४३ अर्ब ४९ करोड १७ लाख पुगेको छ। गत आर्थिक वर्षको सोही अबधिमा यस्तो व्यय रु. ३५ अर्ब ५९ करोड ४१ लाख रहेको थियो।

५०. चालु आर्थिक वर्षको पहिलो दुई महिनामा वैदेशिक अध्ययनका लागि रु. २८ अर्ब १५ करोड ७५ लाख मुलुक बाहिर गएको छ। गत आ.व.को सोही अवधिमा यस्तो रकम रु. २३ अर्ब ३२ करोड ६१ लाख रहेको थियो। चालु आर्थिक वर्षको भदौसम्म उक्त प्रयोजनमा रु. ४४ करोड ७३ लाख रकम भित्रिएको छ।